# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, असोज २८ गते २०३१ साल [संख्या २७

श्री ५ को सरकार

शिक्षा मन्त्रालयको

### सूचना

**शिक्षा (पहिलो संशोधन) नियमावली, २०३१**

शिक्षा नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "शिक्षा (पहिलो संशोधन) नियमावली, २०३१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल नियमावलीको नियम १२ मा संशोधनः– (१) मूल नियमावलीको नियम १२ को उप-नियम (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः–

"(च) अञ्चलाधीशबाट मनोनीत शैक्षिक तथा सामाजिक कार्यमा योगदान दिन सक्ने एक व्यक्ति – – – – सदस्य"

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मूल नियमावलीको नियम १२ को उप–नियम (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) र (ज) थपिएको छः–

"(छ) क्षेत्रीय शिक्षा निर्देशकबाट मनोनीत एक व्यक्ति – – सदस्य

(ज) जिल्ला शिक्षा समितिको अध्यक्षबाट मनोनीत विद्यालय सहयोग समितिका अध्यक्षहरूमध्ये एक जना – – – सदस्य"

३. मूल नियमावलीको नियम १३ मा संशोधनः– मूल नियमावलीको नियम १३ को उप–नियम (२) को खण्ड (प) को सट्टा देहायको खण्ड (प) राखिएको छः–

"(प) विद्यालय सञ्चालनको लागि विद्यालय सहयोग समितिलाई आवश्यक निर्देशन दिने।"

४. मूल नियमावलीमा परिच्छेद ३ क थपः– मूल नियमावलीको परिच्छेद ३ पछि देहायको परिच्छेद ३ क थपिएको छ।

## परिच्छेद ३ क

## विद्यालय सहयोग समितिको गठन, काम, कर्तव्य र अधिकार

१४.क विद्यालय सहयोग समितिको गठनः– (१) विद्यालयको सञ्चालन, रेखदेख, नियन्त्रण र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा बेग्लाबेग्लै विद्यालय सहयोग समिति गठन गरिनेछ।

(२) उप–नियम (१) मा उल्लेखित विद्यालय सहयोग समितिको गठन देहायको विद्यालयको लागि देहायबमोजिम हुनेछ।

क. प्राथमिक विद्यालय सहयोग समितिः–

१. प्रधान पञ्च वा वडा सदस्य वा त्यस पञ्चायत क्षेत्रको विद्यालयमा खास देन भएको शिक्षा प्रेमीमध्येबाट जिल्ला शिक्षा समितिबाट मनोनीत एक व्यक्ति – – – – – – अध्यक्ष

२. अभिभावकहरूमध्येबाट जिल्ला शिक्षा अधिकारीबाट मनोनीत एक व्यक्ति – – – – – – सदस्य

३. विद्यालयलाई आर्थिक सहयोग गर्नेहरूमध्ये जिल्ला शिक्षा अधिकारीबाट मनोनीत एक व्यक्ति – – – – – सदस्य

४. वडा सदस्य वा निज अध्यक्ष मनोनीत भएकोमा नजिकको वडा सदस्य – – – – – – –सदस्य

23C

५. प्रधान अध्यापक – – – सदस्य–सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि लागु हुनेछ।

तर नगर पञ्चायत क्षेत्रभित्र एकभन्दा बढी प्राथमिक विद्यालयको लागि एउटै सहयोग समिति गठन गर्न सकिनेछ । सोबमोजिम गठन भएको समितिमा प्रधानाध्यापकहरूमध्येबाट अध्यक्षले मनोनीत गरेको प्रधान अध्यापक सदस्य-सचिव हुनेछ ।

ख. माध्यमिक र निम्न माध्यमिक विद्यालय सहयोग समितिः-

१. स्थानीय प्रधान पञ्च वा त्यस क्षेत्रको शिक्षा प्रेमीमध्येबाट जिल्ला शिक्षा समितिव्दारा मनोनीत एक व्यक्ति – – – अध्यक्ष
२. अभिभावकमध्येबाट जिल्ला शिक्षा अधिकारीव्दारा मनोनीत एक व्यक्ति – – – – – – – सदस्य
३. सम्बन्धित वडा सदस्य – – – – – सदस्य
४. विद्यालयलाई आर्थिक सहयोग दिने व्यक्तिहरूमध्येबाट जिल्ला शिक्षा अधिकारीव्दारा मनोनीत कुनै दुई व्यक्ति – – – सदस्य
५. जिल्ला शिक्षा अधिकारीबाट मनोनीत शिक्षक प्रतिनिधि एक – सदस्य
६. प्रधान अध्यापक – – – – – सदस्य-सचिव

ग. आवासीय माध्यमिक र निम्न माध्यमिक विद्यालय सहयोग समितिः-

१. क्षेत्रीय शिक्षा निर्देशकबाट प्रस्तुत पाँच व्यक्तिको नामावलीमध्येबाट जिल्ला शिक्षा समितिव्दारा मनोनीत एक व्यक्ति– – – अध्यक्ष
२. विद्यालयलाई आर्थिक सहयोग दिने वा शिक्षाको क्षेत्रमा योगदान दिएका अनुभवी व्यक्तिमध्येबाट क्षेत्रीय शिक्षा निर्देशकव्दारा मनोनीत दुई व्यक्ति – – – – – सदस्य
३. अभिभावकहरूमध्येबाट जिल्ला शिक्षा अधिकारीव्दारा मनोनीत एक व्यक्ति– – – – – सदस्य
४. सम्बन्धित वडा सदस्य– – – – सदस्य
५. जिल्ला शिक्षा अधिकारीबाट मनोनीत शिक्षक प्रतिनिधि एक – सदस्य
६. प्रधान अध्यापक– – – – सदस्य-सचिव

घ. आवासीय प्राथमिक विद्यालय सहयोग समितिः-

१. क्षेत्रीय शिक्षा निर्देशकबाट प्रस्तुत पाँच व्यक्तिको नामावलीमध्येबाट जिल्ला शिक्षा समितिव्दारा मनोनीत एक व्यक्ति– – अध्यक्ष
२. अभिभावकहरूमध्येबाट जिल्ला शिक्षा अधिकारीव्दारा मनोनीत एक व्यक्ति – – – – – सदस्य

४३९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. विद्यालयलाई आर्थिक सहयोग दिने वा शिक्षाको क्षेत्रमा योगदान दिएका अनुभवी व्यक्तिमध्येबाट जिल्ला शिक्षा अधिकारीको सिफारिशमा क्षेत्रीय शिक्षा निर्देशकद्वारा मनोनीत एक व्यक्ति– – – – – – – – – सदस्य

४. सम्बन्धित वडा सदस्य– – – – – सदस्य

५. प्रधान अध्यापक– – – – सदस्य-सचिव

(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै भवनमा विभिन्न तहका विद्यालयहरू चलेकोमा एउटै सहयोग समिति गठन गर्न सकिनेछ ।

१४. ख विद्यालय सहयोग समितिको काम, कर्तव्य र अधिकार:– विद्यालय सहयोग समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ:-

(क) विद्यालयको वार्षिक बजेट सिफारिश सहित जिल्ला शिक्षा समितिमा पेश गर्ने,

(ख) छात्रवृत्तिको लागि सिफारिश गर्ने र विद्यालयको आर्थिक स्थिति अनुसार विद्यार्थीसंख्याको पाँच प्रतिशतसम्मलाई शुल्क माफी गर्ने,

(ग) विद्यालयको संचालन राम्रो भए नभएको रेखदेख गर्ने,

(घ) विद्यालयको अचल सम्पत्तिको लगत राख्न लगाउने र सोको निरीक्षण तथा रेखदेख गर्ने,

(ङ) विद्यालयलाई आर्थिक दृष्टिकोणले समृद्ध बनाउने,

(च) स्थानीय साधनबाट विद्यालयको भवन, फर्निचर र अन्य शैक्षिक सामाग्री जुटाउने,

(छ) राम्ररी काम गर्ने शिक्षक तथा कर्मचारीलाई तक्मा, मान, पदवी र पुरस्कार दिने सम्बन्धमा जिल्ला शिक्षा समितिमा सिफारिश गरी पठाउने,

(ज) निर्माण कार्यको लागि रिभल्भिंग फण्डबाट ऋण लिई विद्यालयको भौतिक विकास गराउने,

(झ) निर्माण कार्यको लागि प्राप्त भएको पूर्ण वा आंशिक सरकारी अनुदानबाट निर्माण कार्य गराउने र त्यसमा रेखदेख पुऱ्याउने,

(ञ) प्रधान अध्यापकको अनुपस्थितिमा शिक्षक प्रतिनिधिबाट सदस्य सचिवको काम गराउने,

५४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) जिल्ला शिक्षा समितिले दिएको निर्देशन पालन गर्ने,

(ठ) विद्यालयको नियमित आम्दानी बाहेक जनसहयोगबाट उठेको रकमको लगत खडा गराई जिल्ला शिक्षा कार्यालयलाई जानकारी दिने र सो रकम विद्यालयको भौतिक विकास कार्यमा खर्च गर्ने योजना बनाई निरीक्षकको सिफारिशमा खर्च गर्ने गराउने।

१४.ग विद्यालय सहयोग समितिको कार्य अवधिः- विद्यालय सहयोग समितिको कार्य अवधि साधारणतया दुई वर्षको हुनेछ।

तर श्री ५ को सरकारले आवश्यकता अनुसार समितिको कार्यावधि पूरा नहुँदै सो समितिलाई विघटन गरी अर्को समिति गठन गर्ने आदेश दिन सक्नेछ।

१४.घ विद्यालय सहयोग समितिको बैठक र कार्यविधिः- विद्यालय सहयोग समितिको बैठक र कार्यविधि देहायबमोजिम हुनेछः-

(क) सहयोग समितिको बैठक कम्तिमा तीन महीनामा एक पटक वा आवश्यकतानुसार हुनेछ।

तर सम्बन्धित निरीक्षकले अनुरोध गरेमा बैठक बस्नु अनिवार्य हुनेछ।

(ख) सदस्य-सचिवले अध्यक्षको अनुमती लिई कमसेकम चौबीस घण्टाको पूर्व सूचना दिई बैठक बोलाउनेछ।

(ग) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र अध्यक्ष अनुपस्थित भएमा मनोनीत सदस्यमध्येबाट एकजनाले बैठकको अध्यक्षता गर्नेछ।

(घ) समितिको बैठकमा छलफल भएका विषय र निर्णय स्पष्ट रूपमा माईनुट बूकमा लेखी उपस्थित सदस्यहरूको हस्ताक्षर गराई राख्नु पर्नेछ।

(ङ) बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गरी बैठक भएको पन्ध्र दिनभित्र जिल्ला शिक्षा कार्यालयमा पुग्ने गरी पठाउनु पर्नेछ।

(च) कूल सदस्यसंख्याको आधी संख्यामा सदस्यहरू उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

५. मूल नियमावलीको नियम २२ मा संशोधनः- मूल नियमावलीको नियम २२ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

२८१ "(क) जिल्ला शिक्षा अधिकारीले तोकिदिएको विद्यालयहरूको आवश्यक निरीक्षण र सुपरिवेक्षण गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल नियमावलीको नियम २३ मा संशोधनः– (१) मूल नियमावलीको नियम २३ को उप–नियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ ।

"(ग) शैक्षिक तथा सामाजिक सेवा कार्यमा उल्लेखनीय योगदान दिनसक्ने व्यक्तिहरूमध्येबाट अञ्चलाधीशद्वारा मनोनीत एक जना – सदस्य"

(२) मूल नियमावलीको नियम २३ को उप-नियम (२) लाई उप-नियम (३) गरी देहायको उप–नियम (२) राखिएको छ ।

"(२) उप–नियम (१) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई बर्षको हुनेछ र पदावधि समाप्त भएपछि पुनः मनोनीत हुन सक्नेछ ।"

७. मूल नियमावलीको नियम २७ मा थपः– मूल नियमावलीको नियम २७ को खण्ड (ण) पछि देहायको खण्ड (त), (थ), (द), (ध), (न), (प), (फ), (ब), (भ) र (म) थपिएको छ ।

"(त) वार्षिक योजना बनाई बिद्यालय सहयोग समितिबाट पारित गराई त्यसलाई कार्यान्वयन गर्ने गराउने,

(थ) मासिक, अर्ध–वार्षिक र वार्षिक अध्यापन कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

(द) विद्यालयको मासिक, त्रैमासिक, अर्ध–वार्षिक र वार्षिक कार्य प्रगतिको मूल्यांकन गर्ने गराउने,

(ध) समाजका आधारभूत मान्यताहरूको आधारमा समाज र विद्यालय बीच बराबर विचारहरूको आदान-प्रदान गर्ने अवसरहरू मिलाउने प्रबन्ध गर्ने र अभिभावक दिवस, बिद्यालय दिवस, सांस्कृतिक कार्यक्रम, अतिरिक्त कार्यकलाप इत्यादिको आयोजना गरी अभिभावक र शिक्षा प्रेमीहरूलाई बिद्यालयको प्रगतिको जानकारी दिने,

(न) शिक्षकहरूलाई तालीममा पठाउन जिल्ला शिक्षा कार्यालयमा सिफारिश गर्ने,

(प) शिक्षकहरूको सरुवा बढुवा गर्ने र पुरस्कार दिने सम्बन्धमा जिल्ला शिक्षा कार्यालयमा राय सुझाव पेश गर्ने,

(फ) नियम ३९ को उपनियम (१) को अधीनमा रही आफ्नो विद्यालयका शिक्षक तथा कर्मचारीहरूको विदा स्वीकृत गर्ने,

(ब) विद्यालयका शिक्षक वा कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेमा पहिलो पटक मौखिक र दोस्रो पटक लिखित चेतावनी दिने र त्यसरी चेतवानी दिंदा पनि नसुध्रिएका शिक्षक वा कर्मचारीको एकहप्तासम्मको तलब रोक्का गरी सोको जानकारी सहयोग समितिको अध्यक्षमार्फत जिल्ला शिक्षा अधिकारीलाई दिने,

482

आधिकारिकता मुद्रण विभागबाट प्रकाशित राजपत्रबाट मात्र लागु हुनेछ।

(भ) जिल्ला शिक्षा अधिकारीले अधिकार प्रत्यायोजन गरेकोमा सहयोग समितिको अध्यक्षको परामर्श लिई विषय मिल्दो र योग्यता पुगेको व्यक्तिलाई बढीमा तीन महीनाको लागि विद्यालयको शिक्षक पदमा अस्थायी नियुक्ति गर्ने,

(म) विद्यालयको आयस्ताबाट पुग्ने भै स्वीकृत बजेट प्राप्त हुन विलम्ब भएमा विद्यालयका प्रधान अध्यापकले बढीमा निम्न-बमोजिमको रकम पछि जिल्ला शिक्षा समितिबाट समर्थन गराउने गरी खर्च गर्न सक्नेछ।

(अ) माध्यमिक विद्यालयको लागि पाँच सय रूपैयाँ।

(आ) निम्न माध्यमिक विद्यालयको लागि तीन सय रूपैयाँ।

(इ) प्राथमिक विद्यालयको लागि डेढ सय रूपैयाँ।

तर आवासीय विद्यालय भएमा सो रकमको दोब्बरसम्म खर्च गर्न सक्नेछ।"

८. मूल नियमावलीको नियम ३३ मा संशोधन :– मूल नियमावलीको नियम ३३ को उप-नियम (४) को सट्टा देहायको उप-नियम (४) राखिएको छ।

"(४) विद्यालयले लेखा परीक्षकलाई क्षेत्रीय शिक्षा निर्देशकले तोकिदिए-बमोजिमको पारिश्रमिक दिनुपर्नेछ।"

९. मूल नियमावलीको नियम ३६ मा संशोधन :– मूल नियमावलीको नियम ३६ को उप-नियम (५) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ।

तर जिल्ला शिक्षा अधिकारीले आवश्यक देखेमा यस उप-नियम अन्तर्गत आफूलाई प्राप्त अधिकार विद्यालय सहयोग समितिको अध्यक्षसंग परामर्श लिई प्रधान अध्यापकलाई प्रत्यायोजन गर्न सक्नेछ।

१०. मूल नियमावलीको नियम ३७ मा संशोधन :– मूल नियमावलीको नियम ३७ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छ :–

"(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि "शिक्षा नियमहरू, २०२७" लागू हुनुभन्दा अघि श्री ५ को सरकारबाट स्वीकृति प्राप्त विद्यालयको शिक्षक पदमा स्थायी नियुक्ति पाएका गैर नेपाली नागरिकलाई उप-नियम (१) को खण्ड (क) लागू नहुने गरी जिल्ला शिक्षा अधिकारीले छुट दिन सक्नेछ।"

११. मूल नियमावलीको नियम ३९ मा संशोधन :– (१) मूल नियमावलीको नियम ३९ को उप-नियम (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छ :–

"(च) असाधारण विदा :– शिक्षक र कर्मचारीले एक पटकमा एक वर्षमा नबढाई र नोकरीको तमाम अवधिमा तीन वर्षमा नबढाई असाधारण विदा पाउन सक्नेछ।"

(२) मूल नियमावलीको नियम ३९ को उप-नियम (२) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ।

483

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर असाधारण बिदा बसेको शिक्षक वा कर्मचारीले तलब पाउने छैन।"

(३) मूल नियमावलीको नियम ३९ को उप-नियम (३) को तेस्रो हरफमा रहेको "तर अध्ययन" भन्ने वाक्यांशपछि "र असाधारण" भन्ने वाक्यांश थपिएको छ।

(४) मूल नियमावलीको नियम ३९ को उप-नियम (४) को दोस्रो हरफको "तलब पाउने छैन" भन्ने वाक्यांशपछि देहायको वाक्यांश थपिएको छ।

"र यस्ता शिक्षक तथा कर्मचारीलाई विभागीय सजाय दिन सकिनेछ।"

(५) मूल नियमावलीको नियम ३९ को उप-नियम (४) पछि देहायको उप-नियम (५) थपिएको छः–

"(५) बिदा अधिकारको कुरो होइन सहुलियत मात्र हो।"

१२. <u>मूल नियमावलीको नियम ५६ मा संशोधनः</u>– मूल नियमावलीको नियम ५६ को उप-नियम (५) को सट्टा देहायको उप-नियम (५) राखिएको छः–

"(५) वार्षिक परीक्षा दिंदा विद्यालयमा प्रत्येक विद्यार्थीले पूरा अध्ययन सत्रको शुल्क बुझाई सक्नुपर्छ।

तर स्थानान्तरण प्रमाणपत्र लिई आउने विद्यार्थीहरूले उही अध्ययन सत्रमा जहिले भर्ना हुन आए पनि अघिको विद्यालयमा शुल्क नतिरेको महीनादेखिको शुल्क मात्र बुझाउनु पर्नेछ।"

१३. <u>मूल नियमावलीको नियम ६५ मा संशोधनः</u>– मूल नियमावलीको नियम ६५ को उप-नियम (१) को खण्ड (क) र (ग) को सट्टा देहायको खण्ड (क) र (ग) राखिएको छः-

"(क) जिल्ला शिक्षा अधिकारी वा सहयोग समितिको अध्यक्ष वा सदस्यमध्ये निजले मनोनीत गरेको व्यक्ति– – – अध्यक्ष

(ग) अभिभावकहरूमध्ये जिल्ला शिक्षा अधिकारीबाट मनोनीत एक जना– – – – सदस्य"

१४. <u>मूल नियमावलीको नियम ८७ मा संशोधनः</u>– मूल नियमावलीको नियम ८७ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) विद्यालयको प्रत्येक कक्षामा विद्यार्थीसंख्या बढीमा चालीस हुनुपर्छ र चालीसभन्दा बढी विद्यार्थी राख्नु परेमा सम्बन्धित जिल्ला शिक्षा अधिकारीबाट स्वीकृति लिनु पर्नेछ।"

१५. <u>मूल नियमावलीको नियम ९३ खारेजः</u>– मूल नियमावलीको नियम ९३ खारेज गरिएको छ।

१६. <u>मूल नियमावलीको नियम १०२ मा थपः</u>– मूल नियमावलीको नियम १०२ को उप-नियम (२) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छ।

"(च) उप-सचिव, प्रौढ शिक्षा उप-शाखा शिक्षा मन्त्रालय सदस्य--सचिव"।

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव

४८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।